annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३४३ पृष्ठ ८ | काठमाडौं, शनिबार ६ वैशाख २०८२ | वैशाख कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४५ | SATURDAY, APRIL 19, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

# विदेश आप्रवासनको तीव्र सुनामी


पछिल्लो दुई दशकमा नेपाली जनसंख्याको एक उल्लेख्य हिस्सा देशबाहिरको जीवन रोज्न थालेको तथ्यांकले देखाउँछ । तर, यो आप्रवासन अब पहिले झैं केवल श्रमको खोजीमा सीमित छैन । शिक्षा, स्थायी बसोबास, परिवार पुनर्मिलन, व्यवसाय र जीवनस्तर उकास्ने चाहनासमेत जोडिन थालेका छन् । २०५८ को जनगणनामा करिब ७.५ लाख नेपाली विदेशमा थिए, जुन कुल जनसंख्याको ३.३ प्रतिशत थियो । त्यसपछि २०६८ मा यो संख्या झन्डै १७ लाख पुग्यो । २०७८ सम्म आइपुग्दा विदेशमा रहेका नेपालीहरूको संख्या २२ लाख नाघेको छ, जुन कुल जनसंख्याको ७.९ प्रतिशतभन्दा बढी हो ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
- को रिपोर्ट




## भित्री पृष्ठ


उपत्यका सभ्यताको उद्गम - पृष्ठ ३


चैलेको आँगनमा पहिलो पाइला - पृष्ठ ४


जीवनमा जीवनकै दर्पण - पृष्ठ ५


कार्यान्वयन योग्य बजेट ल्याउन सुझाव - पृष्ठ ७

# शिक्षकका माग सल्टाउन प्रधानमन्त्री अग्रसर

## महासंघका प्रतिनिधिलाई बालुवाटार बोलाएर छलफल

**काठमाडौं** (अन्नपूर्ण)। प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल शिक्षक महासंघका पदाधिकारीलाई बोलाएर शिक्षक आन्दोलन र समस्या समाधानका विकल्पबारे छलफल गरेका छन्।

१८ दिनदेखि जारी आन्दोलनमा चासो देखाउँदै प्रधानमन्त्री ओलीले महासंघका प्रतिनिधिहरूलाई वार्ताका लागि बालुवाटार बोलाएका थिए। प्रधानमन्त्रीको आह्वानपछि महासंघका प्रतिनिधिहरू बालुवाटार पुगेका हुन् र औपचारिक संवादको थालनी भएको छ।



विद्यालय शिक्षा विधेयक छिटो पारित गर्नुपर्ने मागसहित महासंघको आह्वानमा चैत २० गतेदेखि काठमाडौं केन्द्रित आन्दोलन भइरहेको छ। प्रधानमन्त्री ओलीले आन्दोलनमा उठाइएका जायज मागहरूबारे गृहकार्य गर्न भन्दै चैत २५ गते उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईलाई निर्देशन दिएका थिए।

यसकै लागि सरकारले संघीय संसद्को अधिवेशन वैशाख १२ गते शुक्रबार दिउँसो १ बजे बोलाउने निर्णय गरेको छ। यसको उद्देश्य विद्यालय शिक्षा विधेयक पारित गर्नु हो। मन्त्रिपरिषद्को वैशाख २ गतेको बैठकले यो निर्णय गरेको हो। सरकारका तर्फबाट विधेयक पारित गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने प्रयास भइरहेको जनाइएको छ।

शिक्षक आन्दोलनका कारण नयाँ भर्ना अभियान प्रभावित भएको छ। आन्दोलनरत शिक्षकहरूले आफ्ना माग पूरा नभए एसईईको उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को परीक्षा बहिष्कार गर्ने चेतावनी दिइरहेका छन्। मन्त्रिपरिषद्ले वैशाख २ गतेको बैठकमा महासंघले उठाएका मागहरूको यथोचित सम्बोधनका लागि संवाद जारी रहेको, र अझै संवाद गर्न सरकार संवेदनशील तथा गम्भीर रहेको जनाउँदै, विद्यालय भर्ना अभियान, एसईईको उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को परीक्षालाई मध्यनजर गर्दै आन्दोलन फिर्ता गरी शिक्षकहरूलाई विद्यालय फर्कन आग्रह गरेको छ।

शिक्षकहरूले प्रस्तावित विद्यालय शिक्षा विधेयकमा शैक्षिक मूल्य, मान्यता तथा पेसाकर्मीहरूको हक, हित र संरक्षण सुनिश्चित हुनुपर्ने माग राखेका छन्। साथै, नेपालको संविधानअनुसार निःशुल्क र समावेशी शिक्षाको ग्यारेन्टी, सरकारसँग गरिएका विगतका सहमति कार्यान्वयनको सुनिश्चितता, र गुणस्तरीय शिक्षाका लागि पर्याप्त लगानी सुनिश्चित हुनुपर्ने मागसमेत अघि सारिएको छ।

महासंघले स्थानीय तहमा शिक्षकको पेसागत हक, अधिकार र संरक्षण, संविधानले प्रत्याभूत गरेका ट्रेड युनियन अधिकारहरूको कार्यान्वयन, निजी तथा सामुदायिक विद्यालयका निजी शिक्षकलाई सार्वजनिक विद्यालय सरह सेवासुविधा र शिक्षा ऐन लागू हुनुअघि नियुक्त शिक्षकको पेन्सन साबिकको व्यवस्थाअनुसार कायम हुनुपर्ने माग राखेको छ।

विद्यालय शिक्षा तीनै तहको सरकारको साझा जिम्मेवारीभित्र राखिनुपर्ने, विद्यालयमा कार्यरत सबै प्रकारका (राहत अनुदान शिक्षक, बाविके शिक्षक, विद्यालय कर्मचारी, साविक उमावि, प्राविधिक धारका शिक्षक, करार शिक्षक, संघीय तथा प्रदेश अनुदान शिक्षक आदि) पेसाकर्मीहरूको पूर्ण संरक्षण गरिनुपर्ने महासंघको धारणा छ।

महासंघले शिक्षा ऐनमा नेपालका प्रचलित श्रम कानुनले दिएका ट्रेड युनियन अधिकार उपयोग गर्न पाउने व्यवस्था राख्नुपर्ने मागसमेत अघि सारेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी, सहअध्यक्ष नानुमाया पराजुली, महासचिव तुलाबहादुर थापा र उपमहासचिव मदनराज जोशी सहभागी थिए। आन्दोलनरत शिक्षकहरूले शिक्षा ऐन जारी नभएसम्म विद्यालय नफर्कने अडान लिएका छन्।

## ‘दर्ता नभए सामाजिक सञ्जालमाथि प्रतिबन्ध लाग्छ’

**काठमाडौं** (अन्नपूर्ण) : सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारले तोकेको समयभित्र दर्ता नभए फेसबुकलगायतका सामाजिक सञ्जालमाथि प्रतिबन्ध लाग्ने स्पष्ट पारेका छन् । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा मन्त्री गुरुङले नेपालमा सञ्चालन हुने सबै सामाजिक सञ्जालहरूले नेपालको नियम मान्नुपर्ने भन्दै सरकारले तोकेको म्यादभित्र दर्ता नभए प्रतिबन्ध लाग्ने स्पष्ट पारेका हुन् ।

सामाजिक सञ्जाल दर्ताका लागि सरकारले थप गरेको एक महिनाको म्याद सकिन केही दिन बाँकी रहेको भन्दै उनले फेसबुकलगायतका सामाजिक सञ्जाल दर्ता हुन नआएको उल्लेख गरे । उनले सामाजिक सञ्जालसम्बन्धी कानुन कुनै सञ्चारमाध्यमलाई बन्द गर्नका लागि नभई नियमन गर्नका लागि ल्याइएको स्पष्ट पारे ।

त्यस्तै, मन्त्री गुरुङले चैत्र १५ गते काठमाडौंमा राजावादीले गरेको आन्दोलन प्रतिगामी र संविधान विरोधी आन्दोलन भएको बताए । शान्तिपूर्ण भेला हुन पाउने अधिकार, संविधानविपरीतको कार्यका लागि प्रयोग गर्दा हिंसात्मक घटना भएको भन्दै उनले त्यसमा संलग्न सबैलाई कारबाही हुने स्पष्ट पारे। उनले मुलुकमा राजतन्त्रको कुनै गुञ्जायस नरहेको जिकिर गरे ।

# अनि बन्यो भरतपुरमा भव्य सडक

अनिल ढकाल | *भरतपुर*

भरतपुरको पुल्चोक-गोन्द्राङ सडकले अहिले सहरको रूप र स्वरूप नै परिवर्तन गरिदिएको छ। ६ लेनको सडक, दुवै छेउमा सर्भिस लेन र फुटपाथसँगै स्मार्ट लाइट र भूमिगत बिजुलीका तारले यसलाई एकदम आकर्षक र आधुनिक बनाएको छ। यो नयाँ सडक ६.०८ किलोमिटर लामो छ र ५० मिटर चौडाइ प्रयोग गरेर बनाइएको हो। सडकको डिजाइनमा विशेष ध्यान दिइएको छ, जसले भरतपुरको सौन्दर्य र समृद्धिको संकेत गर्छ। जब राति बिजुली बत्ती बलेर सडक झिलिमिली देखिन्छ, तब यो दृश्यले भरतपुरको विकास र भविष्यको नयाँ दिशालाई प्रतिविम्बित गर्छ।

सडक उद्घाटन कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले भने, ‘यो सडक परियोजनाबाट नेपालमा केही नगरेको भन्नेहरूको भ्रम अब हट्नेछ। विकासका पक्षमा सबै मिलेर काम गर्न जरुरी छ। हामीले एकतामा विश्वास राखेर देशको समृद्धिमा योगदान पुर्‍याउनु पर्छ।’



यस सडकको निर्माणपछि भरतपुरको मुख्य बजार क्षेत्रलाई पुरानो साँघुरोको सट्टा अहिले फराकिलो र सुविधाजनक बनाएको छ। भरतपुरका यातायात व्यवसायी नवराज सुवेदीले भने, ‘मैले २७ वर्षदेखि पुल्चोक क्षेत्रमा यातायातमा काम गरेको छु। पहिलेको अवस्था आफैंले भोगेको थिएँ, तर अहिले यस सडकले विकासको नयाँ युग ल्याएको छ। भरतपुर अब पुरानो नदेखिने, समृद्ध र व्यवस्थित सहरजस्तो लाग्छ।’

भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालका अनुसार, यो सडक परियोजना नगरको गौरव र विकासको प्रतीक बनेको छ। उनले भनिन्, ‘यो हामी सबैका लागि गर्वको विषय बनेको छ। २०७५ फागुन ७ गतेको कार्यपालिकाको बैठकले यसको पहल गर्‍यो, र हामीले संघीय सरकारसँग समन्वय गरेर यो ठूलो परियोजना अघि बढाएका छौं। अब यो सडकले भरतपुरको पहिचान र समृद्धि थप स्पष्ट बनाएको छ।’

सडक निर्माण परियोजना संघीय सरकारको बजेटमा आधारित छ र यसका लागि १ अर्ब १३ करोड ३५ लाख ३४ हजार रुपैयाँ खर्च भएको हो। यसको उद्घाटन कार्यक्रममा प्रधानमन्त्री ओली, उपप्रधानमन्त्री प्रकाशमान सिंह, भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामालगायत आएका थिए।

उक्त सडकको निर्माण २०७७ असोजमा इन्डो सगुन जेभी निर्माण कम्पनीसँग ठेक्का सम्झौतासँगै सुरु भएको थियो। २०७७ माघ १७ गते प्रधानमन्त्री ओलीले यसको शिलान्यास गरेका थिए। निर्माण कम्पनीका प्रमुख सहदेव खड्कालाई प्रभावकारी कामका लागि सम्मानसमेत गरियो।

यो सडक अब केवल भरतपुरको भौतिक रूपको परिवर्तनमात्र होइन, बरु यो सहरको सामाजिक र आर्थिक समृद्धिको नयाँ चिह्न बनिसकेको छ।